का.जि.प्र.का.द.नं. १००/०५९/६०
१७ फागुन २०७८, मंगलबार
1 March 2022, Tuesday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक
ईपेपर हेर्न
वर्ष २०, अंक २४ । पृष्ठ १२
Madhyanha National Daily
www.madhyanhadaily.com

# फेरि फुटको खतरा

## प्रचण्डको संकेतः नारायणकाजीलाई नरोक्ने

व्याख्यात्मक घोषणासहित एमसीसी अनुमोदन गर्ने पार्टी निर्णयप्रति गम्भीर असन्तुष्टि जनाएका नारायणकाजी श्रेष्ठले पार्टीबाट अलग हुने बाटो रोजे नरोक्ने अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले संकेत दिएका छन् ।

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १६ फागुन ।

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले एमसीसी व्याख्यात्मक घोषणा भएकोमा खुशी लागेको बताएका छन् । प्रतिनिधिसभाबाट एमसीसी अनुमोदन भएपछि आफ्नै निवास खुमलटारमा सोमबार पत्रकार सम्मेलन गरी प्रचण्डले पत्रकार सम्मेलन गरेकोमा खुशी भएको प्रतिक्रिया दिएका हुन् ।

"म निकै खुशी छु । देश दुर्घटनाबाट बच्यो, संविधान बच्यो ।" एमसीसी व्याख्यात्मक घोषणासहित अनुमोदन भएर संविधान, सरकार, देश र गठबन्धन बचेको बताए ।

"गठबन्धन बचेको कुरा ठूलो त होइन । तर संविधान र सरकार बच्यो । त्यसोन भएको भए ठूलो समस्या आउने थियो", प्रचण्डले भने । एमसीसी अनुमोदनका निम्ति बीचको बाटो अपनाउनेबारे धेरै पहिले आफूले सोचेको प्रचण्डले बताए ।

तर नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को एकता नजोगिएको र प्रतिनिधिसभा विघटन गरिएपछि एमसीसीबारे छलफल ओझेलमा परेको बताए । प्रचण्डले नेकपा कालमा ९ सदस्यीय सचिवालयमा केपी ओली र अर्का एक जना मात्रै एमसीसी यथास्थितिमा अनुमोदनको पक्षमा रहेको बताए । तर ओलीको मात्रै प्रचण्डले नाम लिए । अर्का व्यक्तिको भने नाम भन्न आवश्यक नरहेको बताए ।

प्रतिनिधिसभा विघटनपछि भने एमसीसीबारे छलफल हुन नसकेको बताए । अहिले भने नेपाली काँग्रेसका महामन्त्री गगन थापा सहित नेताहरु समेत व्याख्यात्मक घोषणा सहित अनुमोदन गराउनेमा सक्रिय रहेको उनले बताए । तर अहिलेको प्रस्ताव आफूले अगाडि बढाएको उनले बताए ।

व्याख्यात्मक घोषणा सहित एमसीसी अनुमोदन गर्दा पार्टीभित्र देखिएको असन्तुष्टिलाई भने प्रचण्डले ठूलो कुरा नभएको बताए । प्रमुख सचेतक देव गुरुङ पार्टीकै पक्षमा रहेको बताए । तर नारायणकाजी श्रेष्ठको असन्तुष्टिप्रति भने प्रचण्डले आपत्ति जनाए । पार्टीको केन्द्रीय कमिटीमा असन्तुष्टि राख्न प्रचण्डले आग्रह गरेपनि श्रेष्ठले नमानेको बताए । "मैले केन्द्रीय कमिटीमा फरक मत राख्नुहोस् भनेको थिएँ । तर बाहिर जनताको आकर्षण पाउँछु जस्तो मान्नुभयो होला । प्रचण्डले श्रेष्ठले पार्टी छोड्न सक्ने समेत संकेत दिए ।

एमसीसीको विपक्षमा बोल्दैमा नेमकिपाका नेता प्रेम सुवालले मत नपाउने उदाहरण दिदै प्रचण्डले भने, "कसैलाई त्यही (वामदेव गौतम) हिँड्न मन लाग्यो भने कसले रोक्न सक्छ र ?" महाकाली सन्धीप्रति असन्तुष्टि जनाउँदै ठूलो संख्यामा नेताहरु लिएर एमाले

– बाँकी पृष्ठ २ मा



शिवरात्रिको पूर्वसन्ध्यामा विभिन्न स्थानबाट पशुपति मन्दिरमा साधुसन्त आइपुगेका छन् । तस्वीरः रत्न श्रेष्ठ/रासस

महिला अधिकारलाई नारामा मात्र होइन, व्यवहारमा परिणत गरौं ।
अन्तर्राष्ट्रिय नारी दिवस भव्यरुपमा मनाऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

एमसीसी असर

# जनमोर्चा गठबन्धनबाट अलग

# दलहरूमा असन्तुष्टि

व्याख्यात्मक घोषणासहित एमसीसी प्रतिनिधिसभाबाट अनुमोदन गरिएपछि त्यसको असर सत्ता गठबन्धन र सत्ता साझेदार दलभित्र देखिएको छ । साना दलहरुले बन्दकै आह्वान गरेभने कतिपय नागरिक अगुवाले राजनीतिक नेतृत्वले 'चोर बाटो' रोजेको टिप्पणी गरेका छन् ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १६ फागुन ।

अमेरिकी सहायता परियोजना मिलिनियम च्यालेञ्ज कर्पोरेसन (एमसीसी) व्याख्यात्मक घोषणा सहित अनुमोदन भएपछि सत्तारुढ गठबन्धनबाट राष्ट्रिय जनमोर्चा अलग भएको छ । सोमबार बसेको सचिवालय बैठकले सत्तारुढ गठबन्धनबाट अलग हुने निर्णय गरेको हो । गएको वर्ष प्रतिनिधिसभा विघटन गर्ने तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको निर्णय पछि जनमोर्चा गठबन्धनमा सामेल भएको थियो ।

ओलीले दोस्रोपटक प्रतिनिधिसभा विघटन गर्ने निर्णय गरेपछि नेपाली काँग्रेस नेतृत्वको पाँच दलीय गठबन्धनमा जनमोर्चा सामेल भयो । संघ, प्रदेश र राष्ट्रियसभा निर्वाचनमा समेत जनमोर्चा गठबन्धनसँगै थियो । तर आइतबार एमसीसी अनुमोदन भएपछि जनमोर्चा अलग भएको हो । जनमोर्चा सत्ता गठबन्धनबाट अलग भएर एमसीसी विरुद्ध बनेको साना दलहरुको गठबन्धनमा आएका छन् ।

एमसीसी अनुमोदनले गठबन्धनलाई मात्रै नभएर सत्ता साझेदार दलहरुभित्रै असन्तुष्टि देखिएको छ । सरकारको नेतृत्व गरेको काँग्रेस

– बाँकी पृष्ठ २ मा



सुर्खेतस्थित एमालेको पार्टी कार्यालयमा प्रदर्शनकारीले आगजनी गरेको छ । तस्बिरः इकान्तिपुर

## पार्टी कार्यालयमा आगजानी

**काठमाडौं/मस–** एमसीसी अनुमोदन भएको विरोधमा प्रदर्शनमा उत्रिएकाहरुले कर्णालीको राजधानी सुर्खेतस्थित वीरेन्द्रनगरस्थित प्रमुख दलहरुको पार्टी कार्यालयमा आगजानी गरेका छन् । विपक्षी दल नेकपा एमाले, सत्तारुढ दल नेपाली काँग्रेस र नेकपा माओवादी केन्द्रको पार्टी कार्यालयमा प्रदर्शनकारीले आगजानी गरेका छन् । आगजानी पछि सुर्खेतमा स्थानीय प्रशासनले सोमबार साँझ ८:१५ बजेदेखि आज

– बाँकी पृष्ठ २ मा

# पूर्वमन्त्री बानियाँ पक्राउ

**मध्यान्ह संवाददाता**
सुर्खेत, १६ फागुन



पूर्वमन्त्री मोहन बानियाँ बलात्कार आरोपमा पक्राउ परेका छन् । काठमाडौंबाट फर्कने क्रममा नेपालगञ्ज विमानस्थलबाट बानियाँलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ । बाँकेका डीएसपी मधुसुदन न्यौपानेका अनुसार, बलात्कार आरोपमा पूर्वमन्त्री बानियाँलाई पक्राउ गरिएको हो ।

मुगुका सांसद बानियाँले गएको १९ माघमा ४० वर्षीया एक महिलालाई बलात्कार गरेको आरोप लागेको छ । ती महिलाले गएको २७ माघमै बानियाँले बलात्कार गरेको उजुरी दिएकी थिइन् । नेपालगञ्जमै ती महिलाले आफूमाथि सांसद बानियाँले बलात्कार गरेको उजुरी दिएकी छन् ।

बानियाँले २५ लाख फिर्ता लिने भनेर बोलाएपछि बलात्कार गरेको ती महिलाको उजुरी छ । बानियाँले २५ लाखको चेक समेत दिएको प्रमाण यसअघि सार्वजनिक भएको थियो । तर पैसा दिने भनेर होटलमा बोलाएपछि जबर्जस्ती करणी गरेको ती महिलाको आरोप छ । बानियाँले भने आफूमाथि लागेको आरोपको खण्डन गर्दै आएका छन् ।

अघिल्लो सरकारमा बानियाँ मन्त्री बनेका थिए । नेकपा एमालेका अध्यक्ष

– बाँकी पृष्ठ २ मा

तु-आवश्यकता
एक प्रतिष्ठित म्यानपावर कम्पनीका लागि निम्न कर्मचारी आवश्यक भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क राख्नुहोला ।
रिसेप्सनिष्ट/डकुमेन्टेशन : १ जना (महिला)
श्रम प्रतिनिधि : १ जना (पुरुष)
Here by we request to share your latest CV along with cover latter at Email: isonepalos@gmail.com and contact offie time at your convenience time. We will confirm and make sure for maintaining the privacy and confidentiality of your documents and information you share with us.
Ishan International Overseas Pvt. Ltd.
श्रम इजाजत पत्र नं.: ११९५/०७३/०७४
New Baneshwor-34, Kathmandu, Nepal
Tel.: 01-4796201/4796202, Web.: www.ishanintl.com

# बार सम्मेलनमा वैदेशिक रोजगार ऐन संशोधनबारे छलफल

**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ फागुन

नेपाल बार एशोसिएसनको राष्ट्रिय सम्मेलनमा वैदेशिक रोजगार ऐन २०६४ मा रहेका व्यवसायी स्वतन्त्रता र उदार बजार अर्थतन्त्रको मान्यतासँग मेल नखाने प्रावधान रहेको सम्बन्धमा छलफल भएको छ ।

काठमाडौंमा जारी १५ औं अखिल नेपाल कानून व्यवसायी सम्मेलन अन्तर्गत सोमबारको छलफलमा वैदेशिक रोजगार ऐन २०६४ मा गरिएका व्यवस्थाहरू व्यावसायिक सुरक्षा र स्वतन्त्रताका प्रावधानसँग मेल नखाने भएकाले ती प्रावधानहरूलाई संशोधन गरि नुपर्ने जिकिर गरिएको छ ।

सर्वोच्च अदालत बार एशोसिएसनका अध्यक्ष बरिष्ठ अधिवक्ता पूर्णमान शाक्यको संयोजकत्वमा रहेको आर्थिक विकास तथा वाणिज्य कानून समूहमा वैदेशिक रोजगार क्षेत्रका विज्ञ कानून व्यवसायी अधिवक्ता



देवराज कटुवालले वैदेशिक रोजगार ऐन २०६४ मा रहेका उदार अर्थ व्यवस्था विपरीतका प्रावधानको व्याख्या गर्दै ऐनमा रहेको फ्रि भिसा फ्रि टिकट र इजाजतपत्रका लागि अत्यधिक धेरै रकम धरौटी राख्नुपर्ने व्यवस्था अव्यवहारिक रहेको भन्दै मुलुकका अन्य ऐन कानुन परिवर्तन गर्दा वैदेशिक रोजगार ऐन २०६४ लाई पनि उच्च प्राथमिकतामा राखेर संशोधनका लागि नेपाल बार एशोसिएसनले सिफारिस गर्नुपर्ने आवश्यक रहेको बताए ।

सम्मेलनमा संविधान, संक्रमणकालीन न्याय, फौजदारी तथा देवानी संहिता तथा कार्यविधि ऐनहरूमा रहेका व्यवस्थगा संशोधन गरिनुपर्ने पक्षका बारेमा समूहगत छलफल भइरहेको छ । नेपाल बार सम्मेलनमार्फत तयार हुने प्रतिवेदन राष्ट्रपति

– बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## २४४ नेपाली सुरक्षित गन्तव्यमा

**काठमाडौं/मस–** रुस-युक्रेन द्वन्द्वका कारण प्रभावित २ सय ४४ नेपाली सुरक्षितरुपमा आफ्नो गन्तव्यमा पुगेका छन् । गैरआवासीय नेपाली संघ (एनआरएनए)द्वारा गठित 'रुस-युक्रेन द्वन्द्वप्रभावित नेपालीको सहयोग एवं उद्धार उच्चस्तरीय समिति'ले नेपाली सुरक्षितरुपमा गन्तव्यमा पुगेको जनाएको छ ।

एक प्रेस विज्ञप्ति जारी गर्दै समितिले युक्रेन छाडेर पोल्याण्डामा ६०, स्लोभाकिया र रोमानियामा १२/१२, हङ्गेरीमा चार र माल्डावामा दुई जना सकुशल पुगेका जनाएको छ । सुरक्षित गन्तव्यमा जाने क्रममा पोल्याण्डको सीमामा १३०, स्लोभाकियाको सीमामा १२, रोमानियाको सीमामा १० र माल्डावाको सीमामा दुई नेपालीहरु दोस्रो मुलुक जान रोकिएका छन् । उनीहरुले शुक्रबार साँझसम्म सीमा पार गर्न सक्ने

– बाँकी पृष्ठ २ मा

## यूएईमा स्वास्थ्य मापदण्ड खुकुलो

**काठमाडौं/मस–** कोरोना भाइरस संक्रमणको प्रभाव कम भएपछि यूएईले स्वास्थ्य सुरक्षाका मापदण्डलाई खुकुलो बनाएको छ । मार्च १ देखि लागू हुने गरी यूएईले घरबाहिर वा सार्वजनिक स्थलमा अनिवार्य मास्क लगाउनुपर्ने नियम हटाएको छ । घरभित्र अर्थात हलमा हुने भेलामा भने मास्क अनिवार्य गरिएको छ ।

यूएईको राष्ट्रिय आपतकालीन संकट व्यवस्थापन समितिलाई उद्दृत गर्दै खलिज टाइमले कोरोना पोजेटिभ भएकासँग कन्ट्याक्ट ट्रेसिङमा

– बाँकी पृष्ठ २ मा

आवश्यकता
यस पोली क्लिनिकको लागि निम्न कर्मचारी आवश्यक भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क राख्नुहोला ।
Radiographer - 2 (Male/Female) Lab Technician - 1 (Female)
Requirements
CR and DR चलाउन अनुभव भएको साथै अंग्रेजी बोल्न सक्ने हुनुपर्दछ ।
Sunrise Polyclinic & Diagnosis Center Pvt. Ltd.
Mobile:9851030582

Qatar Goverment अन्तर्गतको
General Headquarters, Qatar Armed Force
मा बैदेशिक रोजगारको अवसर
कम्पनी: General Headquarters, Qatar Armed Force, Doha
पूर्व स्वीकृती मिति २०७८।११।०१ चलानी नं. ६०१७४४१५ LT.No. 257889

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलव US$ | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | प्रतिदिन कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Fire Fighters | 37 | कामको दक्ष | 2500 | ३००,८००।- | ६ दिन | ८ घण्टा | नि. नि. | अनुसार | छ | छ | २ वर्ष |
| 2 | Fire Technicans | 13 | | 2000 | २४०,६४०।- | | | | | | | |

➤ Fire Fighting सम्बन्धी आवश्यक तालिम लिई सोही काम गर्नु भई राष्ट्रिय सुरक्षा निकायहरु, बारुण यन्त्रशाला तथा विदेशमा समेत Fire Fighting सम्बन्धी तालिम लिई काम गर्नुभएका सैनिक तथा गैह्र सैनिक पृष्ठभुमिका २२ वर्ष उमेर पुरा गरी ४५ वर्ष ननाघेका कम्तिमा S.L.C. उर्तीण, अंग्रेजी बोल्न, लेख्न जान्ने इच्छुक आवेदकहरुलाई उक्त विषयमा प्राप्त तालिम र अनुभवका सक्कल प्रमाणपत्रहरु सहित यस प्रा.लि.मा आफै उपस्थित भई आवेदन गर्न हुन सूचित गरिन्छ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र प्रिमियम कसले व्यहोर्ने | कामदारलाई हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले व्यहोर्ने | भीषा स्टयाम्पिङ शुल्क कसले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले दिने | रोजगारदाताले व्यहोर्ने | कामदार आफैं | बिमा हुने प्रिमियम रोजगारदाताले | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | कामदार आफैंले | रु ७००/- कामदारले | रु १५,००/- कामदारले | निःशुल्क |

फाईनल अन्तर्वार्ता सम्बन्धित कम्पनीको प्रतिनिधीबाट २०७८ फाल्गुन २३ देखि २६ गते (07 to 10 March, 2022) हायत रिजेन्सी होटल बौद्ध, काठमाण्डौमा हुनेछ ।
बैदेशिक रोजगार बिभागबाट गराईएको जानकारी :- [illegible]
ROYAL OVERSEAS NEPAL
Government Approved License No 166/056/057
रोयल ओभरसिज नेपाल प्रा. लि.
श्रम इजाजत नं. १६६/०५६/०५७, लाजिम्पाट काठमाण्डौं
फोन नं.:-०१-४४२११५६/४४३२२४४, मोबाइल नं. ९८०३८००१८५, ९८१८४५०८८०

कर्मचारी आवश्यकता
यस म्यानपावर कम्पनीको लागि निम्न कर्मचारीहरु आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।
Recruitment Manager: 2 Male/ Female (Salary :60000)
Documentation Officer: 4 Male/ Female (Salary :20-25000)
Office Secretary: 2 Male/ Female (Salary :40000)
PRO: 4 Male/ Female (Salary :40-50000)
सम्बन्धित काममा दक्ष भएकालाई प्राथमिकता दिईनेछ ।
म्यानपावरमा २ वर्षको अनुभव भई विभाग सम्बन्धी राम्रो ज्ञान भएको हुनुपर्दछ ।
कम्प्युटर सम्बन्धी राम्रो ज्ञान भएको र अंग्रेजी राम्रो सँग बोल्न र लेख्न सक्ने हुनुपर्दछ ।
Email: bijay@mobhiraservices.com
Contact: 9851012988
Mobhira Recruitment Consultancy Service Pvt. Ltd.
Budhanilkantha-06, Hatigauda, Kathmandu

मध्यान्ह
www.madhyanhadaily.com
१७ फागुन २०७८, मंगलबार
1 March 2022, Tuesday

# अपाङ्गतामैत्री कानून निर्माणमा जोड

**काठमाडौं/मस-** अपाङ्गता भएका नागरिकको सशक्तिकरण एवं आत्मसम्मानका लागि अपाङ्गतामैत्री कानून निर्माणका साथै प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्ने माग गरिएको छ। अपाङ्गता भएका महिलाहरुको महासंघ, राष्ट्रिय बहिरा महासंघ नेपाल, नेपाल नेत्रहिन संघ र श्रवण दृष्टिविहिन अभिभावक संघ नेपाल लगायतका संघसंस्थाको साझेदारीमा काठमाडौंमा आयोजित 'समावेशीताका लागि नीतिगत सवलता' परियोजना शुभारम्भ कार्यक्रममा अपाङ्गता अधिकारकर्मीहरुले अपाङ्गता भएका व्यक्तिको राज्यका हरेक संरचनामा समान सहभागितामा लागि अपाङ्गतामैत्री नीति निर्माण तथा त्यसको इमान्दारीतापूर्वक कार्यान्वयनमा जोड दिएका हुन्।



परियोजना अधिकारमा आधारित परियोजना भएको बताइएको छ। कार्यक्रमको मूल उदेश्यको रुपमा नीतिगत समावेशीकरण एवं सवलीकरण रहेको परियोजनाका साझेदार संस्थाले जानकारी दिएका छन्। परियोजना अन्तर्गत साझेदारी संस्था एवं सरोकारवाला निकायसँगको समन्वय एवं सहकार्यमा अपाङ्गता भएका महिलाहरुको सशक्तिकरण एवं हिंसाको अन्त्यका एवं न्यायका लागि अपाङगता भएका महिलाहरुको महासंघले पैरवीको नेतृत्व गर्ने, अपाङगता भएका व्यक्तिको पहुँचको सवालमा राष्ट्रिय बहिरा महासंघले संयोजनको भूमिका निर्वाह गर्ने र समावेशी शिक्षाको पैरबीको नेतृत्व नेपाल नेत्रहिन संघले गर्ने जानकारी परियोजनाका साझेदारी संस्थाले दिएका छन्।

परियोजनाले एकवर्षभित्र ठोस उपलब्धि हासिल गर्ने गरि काम गर्ने लक्ष्य लिएको समेत दावी गरिएको छ। परियोजना शुभारम्भ कार्यक्रममा सफलताको शुभकामना दिदै राष्ट्रिय अपाङ्ग महासंघ नेपालका महासचिव राजु बस्नेतले 'समावेशीताका लागि नीतिगत सवलता' परियोजनाले अपाङ्गता भएका सबैखाले व्यक्तिको न्याय, शिक्षा र स्वास्थ्य लगायतका क्षेत्रमा पहुँच पुऱ्याउन सहयोग पुग्ने विश्वास व्यक्त गरे।

परियोजना शुभारम्भ कार्यक्रममा राज्यका सरोकारवाला निकायमा रहेका अधिकारीहरुले अपाङ्गताको अधिकारको पक्षमा काम गर्ने प्रतिबद्वता व्यक्त गरेका थिए। अपाङ्गता भएका व्यक्ति तथा संघसंस्थाले अपाङ्गतामैत्री कानून निर्माण गर्नुपर्ने, अपाङ्गतासम्वन्धी कानूनको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने, अपाङ्गता सम्बन्धी सेवा सुविधा, सहुलियत र अधिकार उपयोग गर्न परिचयपत्र वितरण प्रणालीलाइ व्यवस्थित र वैज्ञानिक बनाउनुपर्ने र बनेका नीति नियमका बारेमा स्थानीय तहलाइ अभिमुखीकरण गर्नुपर्ने लगायतका माग राख्दै आएका छन्।

विश्व बैंक र विश्व स्वास्थ्य संगठनको दावी अनुसार विश्वको कुल जनसंख्याको १० देखि १५ प्रतिशत मानिसहरू अपाङ्गताको अवस्थामा बाँचिरहेका छन् र अधिकांश अपाङ्गता भएका व्यत्तिहरू विकासशील वा अल्पविकसित देशहरूमा छन्। यहि दावीलाई नेपालको हकमा मान्ने हो भने नेपालमा अपाङ्गता भएका व्यक्तिको जनसंख्या झण्डै ३० लाखको हाराहारीमा हुन्छ। तर हालसम्म नेपालमा कति अपाङ्गता भएका व्यक्ति, कहाँ कस्तो अवस्थामा रहेका छन् भन्ने कुराको विस्तृत तथ्यांक छैन। जनगणना २०६८ को प्रतिवेदनमा उल्लेख भए अनुसार कुल जनसंख्याको १.९४ प्रतिशत मात्र अपाङ्गता भएका व्यक्तिको जनसंख्या रहेको जनाइएको छ।

# सिरहामा विद्यार्थीले प्रधानाध्यापकलाई एक घण्टा थुने

**राजेन्द्र महतो/मध्यान्ह**
सिरहा, १६ फागुन



सिरहाको एक विद्यालयमा विद्यार्थीहरुको माग पूरा गर्नेतर्फ ध्यान नदिएको भन्दै प्रधानाध्यापकलाई विद्यार्थीहरुले एक घण्टा थुनेका छन्।

कल्याणपुर नगरपालिका वडा-५ चिकना भोक्राहास्थित आधारभूत विद्यालयका प्रधानाध्यापक राजकुमार साहलाई विद्यार्थीहरुले उनकै कार्यकक्षमा एक घण्टा थुनेका हुन्।

प्रधानाध्यापक र शिक्षकलाई समयमा आउनुपर्ने, नियमित पठनपाठन हुनुपर्नेसहितका माग राख्दै यो विद्यालयका विद्यार्थीहरु आइतबारदेखि आन्दोलनमा उत्रिएका थिए।

पहिलो दिन विद्यालयमा तालाबन्दी गरेका विद्यार्थीहरुले माग पूरा गर्नेतर्फ ध्यान नदिएका कारण प्रधानाध्यापकलाई थुन्नुपरेको आन्दोलनरत विधार्थीहरुले मध्यान्हसँग बताएका छन्। उनीहरूले प्रधानाध्यापकलाई थुन्ने क्रममा प्रधानाध्यापकसहित वडाअध्यक्षविरुद्ध नाराबाजी गर्दै बिभिन्न नारा लेखिएको प्लेकार्डसमेत प्रदर्शन गरेका थिए। कक्षा ९ मा अध्ययनरत विद्यार्थी विकास कुमार साहले भने, 'शिक्षकहरु आउँदै आउँदैनन्, आएपनि एक घण्टा पनि विद्यालयमा बस्दैनन्। अहिलेसम्म विज्ञान विषयको एक पाठ पनि पढाइ भएको छैन्। अंग्रेजी, गणित र नेपाली विषयको पाठ आधा पनि सकिएको छैन।'

विद्यालयमा लामो समयदेखि प्रधानाध्यापक र शिक्षकहरुले मनोमानी गरिरहेको बताउँदै विद्यार्थी साहले भने, 'यसरी त हाम्रो भविष्य बिग्रिन्छ,नपढाउने हो भने हामीलाई ट्रान्सफर सर्टिफिकेट दिँदा हुन्छ।

कक्षा ९ सम्म सञ्चालन हुने विद्यालयमा ३ जना स्थायी, ३ जना करारका र ४ जना बालविकासका शिक्षक छन्। लामो समयदेखि तलव नदिँदा करारका शिक्षक विद्यालय आउनै छाडेको र स्थायी शिक्षकहरु विद्यालय आए पनि केही बेरमै जाने गरेको विद्यार्थी मुन्ना यादवले बताए।

यसबारेमा वडा अध्यक्षसमेतलाई जानकारी गराउँदा पनि कुनै चासो नदेखाएपछि आफूहरु आन्दोलनमा उत्रिनुपरेको अर्को एक विद्यार्थीले बताए।

# सरकारलाई पत्र लेखेर पठाउने आयोगको निर्णय

**काठमाडौं/मस-** निर्वाचन आयोगले स्थानीय तह निर्वाचन स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र मितव्ययी रूपमा सम्पन्न गर्न कर्मचारी व्यवस्थापन, सुरक्षा, यातायातलगायत निर्वाचनसँग सम्बन्धित विषय समेटेर प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई पत्र पठाउने निर्णय गरेको छ।




आयोगको सोमबारको बैठकले निर्वाचनका सन्दर्भमा आयोगबाट भएका निर्णयलाई उच्च प्राथमिकता दिई तत्काल कार्यान्वयन गर्न र गराउनका लागि सबै निकायलाई निर्देशन दिन तथा आगामी वैशाख १० गतेसम्म कोभिड-१९ विरुद्धको पूर्ण खोप लगाउने व्यवस्था गर्न ध्यानाकर्षण गराउने निर्णय गरेको छ।

निर्वाचनका लागि प्रभावकारी सुरक्षा प्रबन्ध मिलाइ आयोगलाई जानकारी गराउन, मतदाता नामावली अद्यावधिक गर्ने कार्यक्रममा मतदातालाई सहभागी गराउन र प्रमुख नाम दर्ता अधिकारीलाई आवश्यक सहयोग उपलब्ध गराउन लेखी पठाउने निर्णय भएको नियमित पत्रकार भेटमा आयोगका प्रवक्ता शालिग्राम शर्माले जानकारी दिए।

निर्वाचनका लागि मुख्य निर्वाचन अधिकृतको कार्यालय र निर्वाचन अधिकृतको कार्यालय स्थापना गर्न गाउँपालिका/नगरपालिकासँग समन्वय गरी जिल्ला प्रशासन कार्यालयबाट आवश्यक व्यवस्था गर्न भनिएको छ। निर्वाचन सञ्चालन तथा व्यवस्थापनमा खटाइएका जनशक्तिको आवागमन र निर्वाचनसँग सम्बन्धित सामग्रीको ढुवानीका लागि अनुरोध भई आएमा नेपाल वायुसेवा निगम तथा अन्य हवाई सेवा प्रदायक संघ संस्थाले पहिलो प्राथमिकताका साथ समन्वय, सहजीकरण र सेवा उपलब्ध गर्ने/गराउने व्यवस्था गर्न सुझाव दिइएको छ।

सबै मतदानस्थलको संरक्षण, मर्मत सम्भार एवं उक्त स्थलमा खानेपानी, शौचालय, विद्युत्, सञ्चार आवातजावतको वैकल्पिक मार्ग, सडक, पुल पुलेसा, कम्पाउण्ड वाल, तारवार आदिको व्यवस्था र ज्येष्ठ नागरिक, महिला तथा अपाङ्गता मैत्री बनाउन यथासम्भव प्रयत्न हुन सम्बन्धित स्थानीय तह एवं सम्बद्ध निकायमा समन्वय, निर्देशन र कार्यान्वयनको व्यवस्था मिलाउन सुझाव दिइएको छ। आयोगले आगामी चैत १५ गते अगावै संघ, प्रदेश र स्थानीय तहमा कामकाज लागि खटिएका कर्मचारीलाई पदाधिकारी रहेकै कार्यालयमा फिर्ता गर्ने र यस्तो स्थानमा स्वीकृत दरबन्दीको पद र तह अनुसारको कर्मचारी सरुवा/पदस्थापन गरी सक्न भनेको छ। आगामी चैत १५ गते अगावै संघ, प्रदेश र स्थानीय तहमा स्वीकृत दरबन्दीको तह र पद/नाम बमोजिम सरुवा/पदस्थापन भएका कर्मचारीको स्थानीय तहको निर्वाचन सम्पन्न नभएसम्म अन्यत्र काज तथा सरुवा नगर्न पनि सरकारलाई भनिएको छ। स्थानीय तहको निर्वाचनमा स्थानीय प्रशासनको भूमिका प्रभावकारी बनाउन जिल्ला प्रशासन कार्यालयका प्रमुख जिल्ला अधिकारीलगायत सबै कर्मचारी चैत १५ गते अगावै नेपाल सरकारबाट स्वीकृत पदको तह र पद नाम बमोजिम सरुवा/पदस्थापन गर्न पनि सरकारको ध्यानाकर्षण गराइएको छ।

स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृतको पद रिक्त रहेको भए चैत्र १५ अगावै स्वीकृत दरबन्दीअनुसार तह र पदनाम बमोजिमका प्रमुख प्रशासकीय अधिकृतको सरुवा/पदस्थापन गर्न तथा निर्वाचनको प्रयोजनको लागि केन्द्र, प्रदेश तथा जिल्लास्तरमा कार्यरत कर्मचारीको यथार्थ विवरण अद्यावधिक गरी राख्ने र सम्बन्धित मुख्य/निर्वाचन अधिकृतको कार्यालयबाट माग गरेको बखत तुरून्त उपलब्ध गराउने व्यवस्था गर्न पनि भनिएको छ।

नेपाल सरकार, प्रदेश सरकार, नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको संस्था वा स्थानीय तहका पूर्वाधार तथा भौतिक साधन, सभागृह तथा अतिथि गृह, सवारी साधन, परिवहनका साधन र अन्य विद्युतीय उपकरण मर्मत सम्भार गरी ठीक दुरूस्त अवस्थामा राख्न आग्रह गरिएको छ।

सबै सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीको विवरण अद्यावधिक गरी राख्ने र निर्वाचन प्रयोजनको लागि माग भएका बखत तत्काल उपलब्ध गराउन सबै स्थानीय तहलाई जानकारी गराई सो बमोजिम तयारी अवस्थामा रहने व्यवस्था गर्न आयोगले भनेको छ। सरकारी, सामुदायिक तथा निजी अस्पताल, नर्सिङ होमलगायत सबै स्वास्थ्य संस्थाहरू निर्वाध रूपमा सञ्चालन हुने व्यवस्था मिलाउनका साथै जिल्लामा सञ्चालनमा रहेका एम्बुलेन्स तथा दमकललाई चालू हालतमा राख्ने व्यवस्था गर्न पनि भनिएको छ। सार्वजनिक सञ्चारका माध्यम रेडियो नेपाल, नेपाल टेलिभिजन, गोरखापत्र संस्थान, राष्ट्रिय समाचार समिति(रासस)लगायतले निर्वाचनसम्बन्धी सूचना, समाचार र जानकारी मूलक सामग्रीलाई प्राथमिकता दिई उत्पादन, प्रकाशन र प्रसारण गर्ने तथा निर्वाचन आयोगबाट उत्पादन गरी उपलब्ध गराइएका निर्वाचनसम्बन्धी सूचना मूलक सामग्री प्राथमिकताका साथ प्रकाशन एवं प्रशारणको व्यवस्था गर्न पनि सरकारलाई भनिएको छ।

## फेरि...

विभाजन गरेका वामदेव गौतमले ०५६ सालको निर्वाचनमा शून्य सिट जितेको प्रचण्डको अभिव्यक्ति थियो।

चार वर्षदेखि विवादित बन्दै आएको एमसीसी व्याख्यात्मक घोषणा सहित अनुमोदन गराउन प्रचण्ड तयार भएपछि श्रेष्ठ निकट गिरिराजमणि पोखरेल र अन्जना विशुंकेले विरोध जनाएका थिए। बालुवाटारमा जुटेको सहमतिप्रति श्रेष्ठले सामाजिक सञ्जाल मार्फत् गम्भीर आपत्ति रहेको जनाएका थिए।

## एमसीसी...

बाहेक सबै दलहरुमा असन्तुष्टि देखिएको छ। नेकपा माओवादी केन्द्रको असन्तुष्टि आइतबारको प्रतिनिधिसभामै देखिएको थियो। नारायणकाजी श्रेष्ठ निकट नेताहरुले एमसीसी अनुमोदनको पक्षमा नरहेको प्रतिनिधिसभा बैठकमै भनेका थिए।

श्रेष्ठ निकट गिरिराजमणि पोखरेल र अन्जना बिशंकेले एमसीसी अगाडि बढाउने पार्टीको निर्णय विरुद्ध बोलेका थिए। व्याख्यात्मक घोषणा सहित एमसीसी अनुमोदन गराउने सत्ता गठबन्धनका शीर्ष नेताहरुले बालुवाटारमा निर्णय लिनासाथ श्रेष्ठले ट्वीट मार्फत् गम्भीर आपत्ति रहेको प्रतिक्रिया जनाएका थिए।

श्रेष्ठको असन्तुष्टि सम्बोधन नहुने अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले सोमबार पत्रकार सम्मेलनमा संकेत दिएका छन्। नेकपा एमालेभित्र पनि असन्तुष्टि देखिएको छ। विशेषगरी १० बुँदे गरी एमालेमै बसेका नेताहरुले तटस्थ बस्ने पार्टी निर्णयप्रति असन्तुष्टि जनाएका हुन्। भीम रावल र झपट रावलले त विपक्षीमा मतदान नै गरे।

नेकपा एकीकृत समाजवादीका सम्मानित नेता एवम् पूर्वप्रधानमन्त्री झलनाथ खनालले एमसीसी अनुमोदन गर्ने प्रक्रियाबाट अलग भएको घोषणा गरेका थिए। खनाल सहित उनी निकट नेताहरुको एकीकृत समाजवादीमा कित्ता विभाजन नै देखिएको छ।

सोमबार एमसीसी अनुमोदन भएपछि साना दलहरुले बन्दकै आह्वान गरेका थिए। बन्द आह्वान पछि सार्वजनिक क्षेत्र प्रभावित बनेको थियो। एमसीसी अनुमोदन पछि कतिपय नागरिक अगुवाले असन्तुष्टि जनाएका छन्। उनीहरुले एमसीसी अनुमोदन भएपछि एमसीसी अनुमोदन गराउन चोरबाटो रोजेको टिप्पणी गरेका छन्।

जनतालाई भ्रमित पार्न व्याख्यात्मक घोषणाको लज्जास्पद चोरबाटो अवलम्बन गरेको उनीहरुको भनाइ छ। "अमेरिकी प्रशासनले कमा र पूर्णविराम समेत परिवर्तन हुन नसक्ने भनेको सन्दर्भमा एकातिर एमसीसी कम्प्याक्ट हुबहु अनुमोदन गर्ने र अर्कातिर व्याख्यात्मक घोषणाको लज्जास्पद चोरबाटो अवलम्बन गरेर आफू र आम जनतालाई भ्रमित बनाउने उदेक लाग्दो नाटक गठबन्धनका दलहरुले प्रदर्शन गरेका छन्", सोमबार जारी बक्तव्यमा भनिएको छ।

सूर्यराज आचार्य, युवराज संग्रौला, रत्नसंसार श्रेष्ठ, निनु चापागाइँ, पीताम्बर शर्मा, श्याम श्रेष्ठ, हरी रोका, शरद वन्त, विमल निभा, महेश मास्के लगायत १८ जनाले बक्तव्य जारी गरी प्रतिनिधिसभाबाट अनुमोदन भएको एमसीसीको विरोध जनाएका छन्। उनीहरुले मुलुकलाई शक्ति राष्ट्रको राजनीतिक अखडा बनाउने काममा सहजीकरण भएको र मुलुकलाई द्वन्द्वतिर धकेल्ने काम भएको उल्लेख गरेका छन्। तर जनताले सदनमा रचिएको नाटकलाई नस्वीकार्ने पनि बक्तव्यमा उल्लेख छ। "आफ्नो सार्वभौमिकता र संविधानको रक्षा गर्न अग्रसर हुने छन् भन्नेमा हामी विश्वस्त छौं', बक्तव्यमा उल्लेख छ।

## पार्टी...

बिहान ७ बजेसम्म कफ्र्यू लगाएको छ। सोमबार बिहानैबाट बन्द गराउँदै हिडेकाहरुले साँझ पार्टी कार्यालयमा आगजानी गरेका थिए। स्थानीय प्रशासन ऐन (संशोधनसहित) २०२८ अनुसार, कफ्र्यू लगाइएको प्रमुख जिल्ला अधिकारी खगेन्द्रप्रसाद रिजालले बताए।

आइतबार प्रतिनिधिसभाले व्याख्यात्मक घोषणा सहित एमसीसी अनुमोदन गरेको थियो। विपक्षी एमालेले एमसीसी अनुमोदनमा सहभागी भएनन्। तर बाँकी दलहरुले भने एमसीसी अनुमोदनको पक्षमा मतदान गरेका थिए। त्यसविरुद्ध नेत्रविक्रम चन्द नेतृत्वको नेपाल कम्युनिष्ट पार्टी, मोहनविक्रम सिंह नेतृत्वको नेकपा मसाल, मोहन वैद्य नेतृत्वको नेकपा क्रान्तिकारी माओवादी, चित्रबहादुर केसी नेतृत्वको राष्ट्रिय जनमोर्चा, सीपी गजुरेल नेतृत्वको देशभक्त गणतान्त्रिक मोर्चा, ऋषि कट्टेल नेतृत्वको नेकपा, आहुती नेतृत्वको वैज्ञानिक समाजवादी कम्युनिष्ट पार्टी लगायतले सोमबार नेपाल बन्दको आह्वान गरेका थिए। बन्दका क्रममा राजधानी उपत्यकाको बानेश्वर र काभ्रेमा शंकास्पद वस्तु भेटिएको थियो। उक्त शंकास्पद बस्तु नेपाली सेनाले निष्कृय बनाएको थियो।

## पूर्वमन्त्री...

केपी शर्मा ओली नेतृत्वको सरकारमा बानियाँ मन्त्री बनेका थिए। ओलीले प्रधानमन्त्री कार्यालयको जिम्मेवारी लिनेगरी बानियाँलाई मन्त्री नियुक्त गरेका थिए। एमालेका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेललाई हटाएर ओलीले बानियाँलाई मन्त्री नियुक्त गरेका थिए। बानियाँ मुगुबाट निर्वाचित प्रतिनिधिसभा सदस्य हुन्।

## बार....

कार्यालयदेखि नेपाल सरकारका विभिन्न निकायमा जाने गरेको छ। सरकारले नयाँ ऐन कानूनको तर्जुमा तथा विद्यमान ऐन कानून संशोधनका क्रममा बारको राय सुझावलाई बलियो आधारका रूपमा लिने गरेको छ।

## २४४ नेपाली...

अनुमान गरिएको छ। गैरआवासीय नेपाली संघ युक्रेनका अनुसार युक्रेनभित्र ४० परिवार स्थायीरुपमा बसोबास गर्दै आएका छन्। उच्चस्तरीय समितिका अध्यक्ष जर्मनीका लागि नेपाली राजदूत रामकाजी खड्काको अध्यक्षतामा आइतबार बसेको बैठकले युद्धका कारणले विस्थापित नेपालीलाई सुरक्षित स्थानान्तणका लागि आवश्यक पहल गर्ने निर्णय गरेको थियो।

बैठकमा राजदूत खड्काले युक्रेनबाट विस्थापित ३४ नेपालीलाई दूतावासले यात्रा अनुमतिपत्र जारी गरेको जानकारी गराएका थिए। उच्चस्तरीय समितिका संयोजक तथा एनआरएनएका उपाध्यक्ष डा बद्री केसीले संघका अध्यक्ष कुमार पन्त उद्धारका लागि पोल्याण्डको सीमा क्षेत्रमा आफैं परिचालित भएको जानकारी दिए।

## यूएईमा...

रहेकालाई अनिवार्य क्वरेन्टिनको नियम पनि हटाइने उल्लेख गरेको छ।

कोरोना संक्रमितहरुलाई आइसोलेशनमा बस्नुपर्ने नियम यथावत राख्दै यूएईले आफ्नो देश प्रवेश गर्ने यात्रुले पूर्ण मात्रा खोप लगाएको प्रमाण देखाउन नसक्ने भए ४८ घण्टाभित्रको पीसीआर नेगेटिभ रिपोर्ट देखाउनुपर्ने व्यवस्था गरेको छ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**हक दावी सम्बन्धी सूचना**

**प्रकाशित मितिः २०७८/११/१७**

यस कार्यालयमा मिति २०७५/१०/१८ मा दर्ता भएको **प्रा.लि. नं. २०७८५२** को **नमस्ते रिसाईकलर्स प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६२/०८/२६ मा दर्ता भएको **प्रा.लि. नं. ३७२३७** को **सुरा ट्रेड कम्पनी प्रा.लि.** को एकल सेयर धनीको मिति २०७८/१०/२५ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७,**
**ठेगाना : बबरमहल, काठमाडौं, फोन नं. ९८४१३४०४०३**
**ईमेल :** rokayasherbahadur723@gmail.com

**जानकी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**खजुराखुर्द, बाँके**
**लुम्बिनी प्रदेश, नेपाल**

**दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(सूचना प्रकाशित मिति : २०७८/११/१७)**

यस कार्यालयबाट मिति २०७८/१०/१९ गतेको **कालपृष्ट राष्ट्रिय दैनिक**मा तपसिल बमोजिमको रास्ट्रियस्तरको दरभाउपत्रको सूचना आव्हान गरिएकोमा रितपूर्वक दर्ता हुन आएका दरभाउपत्रदाताहरुको दरभाउपत्र मुल्याकंन गर्दा तपसिल बमोजिमको दरभाउपत्रदाताको दरभाउपत्र न्युनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राही भएकोले दरभाउपत्र स्वीकृतिको लागि छनौट भएको हुदा सार्बजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) अनुसार सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का न. | खरिद कार्यको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम (मु. अ. कर सहित) |
|---|---|---|---|
| JANAKI/GOODS/SQ/NCB-04/078/79 | Supply and Delivery of 4 No. Handpump & It's Accessories – 97 Sets | Panchakoshi Construction Jwala Trades and Suppliers, Kohalpur-05, Banke | NRs. 797,960.80/- |

**प्रमुख प्रशासकीय अधिकृत**

# द्वन्द्वकालमा विस्थापित शिक्षकलाई पुनः बहाली




**काठमाडौं/मस-** सरकारले विगतमा सशस्त्र द्वन्द्व र आन्दोलनका कारणबाट हटाइएका शिक्षक तथा कर्मचारीलाई पुनः बहाली र क्षतिपूर्ति दिने भएको छ ।

मन्त्रिपरिषद्को सोमबारको बैठकले ५८६ शिक्षक तथा कर्मचारीलाई व्यवस्थापन गरेको शिक्षामन्त्रीको सचिवालयले जनाएको छ । तीमध्ये २३३ शिक्षकको पुनःबहाली हुने भएको छ भने १८ शिक्षकको नियुक्ति, ४१ शिक्षकको हकमा सेवासुविधा तथा २८४ शिक्षकले एकमुष्ट आर्थिक सहायता पाउने भएका छन् । पुनरावेदन अदालतका पूर्वमुख्य न्यायाधीश गोविन्दप्रसाद पराजुलीको अध्यक्षतामा गठित कार्यदलले गत २०७३ मङ्सिर २६ गते दिएको प्रतिवेदनअनुसार आज मन्त्रिपरिषद्ले उक्त निर्णय गरेको हो ।

प्रचलित कानुनबमोजिम सेवा गर्न उमेर बाँकी रहेका स्थायी शिक्षकलाई स्वीकृत दरबन्दीको रिक्त स्थानमा पुनःबहाली गर्ने, पुनःबहाली हुने शिक्षकलाई विद्यालयमा हाजिर भएको मितिदेखिको तलब भत्ता लगायतका सुविधा दिने तर सेवाबाट हटाइएको मितिदेखि पुनःबहाली भई हाजिर नहुन्जेलको अवधिको तलब, भत्ता, बिदा, पोसाक, चाडपर्व खर्चलगायत सुविधा नदिने निर्णय भएको बताइएको छ ।

पुनःबहालीका लागि सिफारिस गरिएका शिक्षकमध्ये हाल उमेर हद पूरा गरेकाको हकमा ६० वर्ष उमेर पुगेको मितिसम्मलाई आधार मानी निजको विस्थापित भएको अवधि ननाघ्ने गरी न्यूनतम निवृत्तिभरणका लागि बढीमा सात वर्ष अवधि जोड्ने बताइएको छ । यसरी अवधि थप गर्दा निवृत्तिभरण नपाउने अवस्था भएमा उपदान दिने प्रयोजनका लागि एकमुष्ट पाँच वर्ष अवधि थप हुने भएको छ ।

विस्थापित भएपछि सार्वजनिक लाभको पदधारण गरेका व्यक्तिलाई भने पुनःबहाली नगर्ने र त्यस्ता व्यक्तिको हकमा पहिलोपटक लाभको पदधारण गरेको मितिसम्मलाई आधार मानी निजको विस्थापित भएको अवधिमा ननाघ्ने गरी न्यूनतमका लागि बढीमा सात वर्ष अवधि जोड्ने निर्णय भएको छ । स्थायी नियुक्तिपत्र लिएका तर हाजिर भई कामकाज गर्न नपाएका १८ शिक्षकलाई रिक्त दरबन्दीमा नियुक्ति गरी काममा लगाउने र विद्यालयमा हाजिर भएको मितिदेखिको सेवा अवधि गणना गर्ने तथा उमेरहदबाट अनिवार्य अवकाश भएको वा मृत्यु भएको मितिसम्मलाई आधार मानी न्यूनतम निवृत्तिभरण प्रयोजनका लागि ४१ शिक्षकको बढीमा पाँच वर्ष अवधि जोड्ने निर्णय भएको बताइएको छ ।

# शिक्षक संगठन अर्घाखाँचीको अध्यक्षमा के.सी



**शोभाखर पन्थी/मध्यान्ह**
अर्घाखाची, १६ फागुन

नेपाल राष्ट्रिय शिक्षक संगठन अर्घाखाँचीको १३ औं जिल्ला अधिवेशन नयाँ नेतृत्व चयन गर्दै सम्पन्न भएको छ। अधिवेशनले ध्रुव के.सी.को अध्यक्षतामा २७ सदस्यीय जिल्ला कार्य समिति सर्वसम्मत चयन गरेको छ ।

नवगठित समितिकोउपाध्यक्षमा सीता बन्जाडे, रामबहादुर खड्का,सचिवमा पानबहादुर खत्री,कोषाध्यक्षमा सालिकराम बेल्वासे,सह-सचिवमा बिमला पाण्डे र सह-कोषाध्यक्षमा सीता क्षेत्री चयन भएकी छन् ।

यसैगरी सदस्यमा कमल खड्का,विष्णुप्रसाद अधिकारी,प्रदिप भुसाल,लोकनाथ अधिकारी,यमबहादुर बन्जाडे,पशुपति आचार्य,टेकराज आचार्य, मोदन खनाल,कृष्ण पोखेल,विमला खनाल,वसन्ता बन्जाडे, शर्मिला श्रेष्ठ,विष्णु पन्थी, शारदा नेपाली, ऋषिराम वि.क., टानवहादुर खत्री र पदम भुसाल चयन भएका छन् ।

यसैगरी राष्ट्रिय महाधिवेशन प्रतिनिधिमा खिमानन्द खनाल, सलिम मियाँ,जगत बहादुर खड्का र रिता खड्का चयन भएकी छन् ।

अधिवेशनको उद्घाटन गर्दै नेपाल राष्ट्रिय शिक्षक संगठनका राष्ट्रिय अध्यक्ष लक्ष्मण शर्माले तत्काल शिक्षा ऐन जारी गर्न राज्यको ध्यानाकर्षण गराए । उनले शिक्षकका मागलाई लिएर सरकारले पटक-पटक सम्झौता गर्ने गरेपनि कार्यान्वयन नहुँदा समस्या जस्ताको तस्तै रहेको बताए । अध्यक्ष शर्माले जुनसुकै पार्टीको सरकार आएपनि शिक्षकका समस्या प्रति गम्भीर हुन नसकेको बताउँदै शैक्षिक माफियाको घेराबन्दीबाट शिक्षा क्षेत्रलाई मुक्त पार्नुपर्नेमा जोडदिए ।

पछिल्लोपटक पनि सरकारसँग केही महत्वपूर्ण सम्झौता भएको स्मरण गराउँदै उनले सम्झौता कार्यान्वयनको निम्ति चौतर्फी दबाब सिर्जना गर्नुपर्ने बताए । उनले संघीयताको मर्म अनुसार स्थानीय निकायले शिक्षा क्षेत्रमा कामगर्न नसकेको बताउँदै कसरी शिक्षकलाई दुःख दिन सकिन्छ भनेर लागिपरेको गुनासो समेत गरे ।

कार्यक्रममा मन्तव्य राख्दै नेकपा एमालेका केन्द्रीय सदस्य चेतनारायण आचार्यले शिक्षाक्षेत्रमा आमुल परिवर्तनको खाँचो रहेको बताउँदै वैज्ञानिक र जनवादी शिक्षाको पक्षमा आवाज उठाए ।

प्रदेश सभाका सदस्य समेत रहेका नेता आचार्यले शिक्षकका समस्याप्रति आफु जानकार रहेको भन्दै तत्काल समाधानको निम्ति सरकारको ध्यानाकर्षण गराए ।

नेपाल राष्ट्रिय शिक्षक संगठनका राष्ट्रिय कोषाध्यक्ष विष्णुप्रसाद भण्डारीले मुलुकमा गणतन्त्रको स्थापना भएको लामो समय भइसकेको भएपनि पचास वर्ष पहिले पञ्चायती कालमा बनेको शिक्षा ऐनको जगमा शिक्षाक्षेत्र अघि बढेको गुनासो गरे । उनले विगतमा शिक्षक संगठन र सरकारबीच भएका सहमति तत्काल कार्यान्वयन गर्नुपर्नेमा जोड दिँदै सहमति कार्यान्वयन नभए शिक्षक संगठन चुप लागेर नबस्ने चेतावनी समेत दिए ।

कार्यक्रममा मन्तव्य राख्दै नेकपा एमालेका नेता तथा प्रदेश सभा सदस्य रामजी प्रसाद घिमिरे,नेपाल राष्ट्रिय शिक्षक संगठनका राष्ट्रिय सदस्य एकदेव पन्थी र नेकपा एमालेका जिल्ला अध्यक्ष पीताम्बर भुसालले शैक्षिक क्षेत्रमा भएको व्यापारीकरण रोकिनुपर्नेमा जोड दिँदै शिक्षकका जायज माग तत्काल पूरागर्न राज्यको ध्यानाकर्षण गराए ।

नेपाल राष्ट्रिय शिक्षक संगठन अर्घाखाँचीका अध्यक्ष ध्रुव के.सी.को अध्यक्षता र सचिव पानबहादुर खत्रीको संचालनमा सम्पन्न कार्यक्रममा नेपाल राष्ट्रिय शिक्षक संगठन पाल्पाका अध्यक्ष रामप्रसाद ढकाल,नेपाल राष्ट्रिय शिक्षक संगठन अर्घाखाँचीका पूर्व अध्यक्ष बाबुराम आचार्य, पूर्व कार्यवाहक अध्यक्ष रामकला भट्टराई, नेकपा एमालेका युवा नेता तथा पूर्व शिक्षक कमल घिमिरे र जिल्ला उपाध्यक्ष सीता वन्जाडे लगायतका वक्ताहरूले मन्तव्य राखेका थिए ।

अधिवेशनको बन्द शत्रले अध्यक्ष ध्रुव के.सी. द्वारा प्रस्तुत सांगठनिक र कोषाध्यक्ष नेत्रप्रसाद घिमिरेद्वारा प्रस्तुत आर्थिक प्रतिवेदन पारित गर्नुका साथै ७ बुँदे सन्धिखर्क घोषणापत्र समेत गरेको छ। अधिवेशनमा सेवानिवृत्त ९१ जना शिक्षकहरूलाई सम्मान समेत गरिएको थियो ।

## आज महाशिवरात्री

# देशभरका शिवालयमा भक्तजनको भीड

**विष्णुलक्ष्मी खरेल/मध्यान्ह**
काठमाडौं, १६ फागुन

कृष्ण चतुर्दशीका दिन मनाइने महाशिवरात्रि पर्व आराध्यदेव भगवान् शिवको पूजा-आराधना गरी आज देशभर मनाइँदैछ ।

वैदिक सनातन हिन्दू धर्मावलम्बीहरू आज बिहानैदेखि नदी, कुण्ड र तलाउमा स्नान गरी शिवालयमा गई श्रद्धाभक्तिपूर्वक पूजा-आराधना गर्छन् । शिवजी उत्पत्ति हुनुभएको रातका नामबाट नामकरण भएको यो पर्व कालरात्रि, मोहरात्रि, सुखरात्रि र शिवरात्रि नामक चार प्रमुख रात्रिमध्ये एक पवित्र पर्वका रूपमा शिव पुराणलगायतका ग्रन्थमा उल्लेख छ ।

फागुन कृष्ण चतुर्दशीका दिन मनाइने यस पर्वलाई दीनदुःखी र कष्टपूर्ण अवस्थामा रहेका प्राणीको हृदयमा धर्मको उदय गराउने आशुतोष भगवान् शिवको अति प्यारो दिनका रूपमा पनि लिइन्छ ।

आज बिहानैदेखि पशुपतिनाथ मन्दिरलगायत देशभरका शिवालयमा पूजाआजा एवं दर्शन गर्ने भक्तजनको भीड लागेको छ । बिहानैदेखि लाखौं भक्तजन पशुपतिनाथ मन्दिरमा दर्शनका लागि लाममा बसेका छन् ।

महाशिवरात्रिका दिन पशुपतिनाथको दर्शनका लागि आउने भक्तजनले अनिवार्य मास्कको प्रयोग गर्नुपर्ने नियम बनाइएको छ । महाशिवरात्रिमा पशुपतिनाथ मन्दिरमा दर्शनार्थीको घुइँचो लाग्ने तथा भीड बढ्ने गरेका कारण कोरोना भाइरसको संक्रमणको जोखिम बढ्ने भएकाले मास्क र स्यानिटाइजरलाई अनिवार्य गरिएको पशुपति क्षेत्र विकास कोषका सदस्य तथा मेला व्यवस्थापन समितिका संयोजक पूर्णसंगम जेठाराले बताए ।

उनले भने, 'पशुपतिमा आजैदेखि भीड बढेको छ, कोरोना संक्रमणलाई मध्यनजर गर्दै हामीले मास्क र स्यानिटाइजर अनिवार्य गरेका छौं, मास्क प्रयोग नगर्नेलाई प्रवेश दिइने छैन ।'

पशुपति क्षेत्रमा दर्शनार्थीहरूको बाक्लो भीड बढेसँगै सुरक्षाकर्मी तथा स्वयम्सेवकसमेत परिचालन गरिएका पशुपति क्षेत्र विकास कोषका सदस्यसचिव डा.मिलन थापाले जानकारी दिए । त्यसैगरी मेला क्षेत्र र दर्शन मार्गमा सिसी क्यामरा जडान गरिएको छ ।

पशुपतिनाथ मन्दिरलाई सजाएर झकिझकाउ बनाइएको छ । शिवरात्रिको पूर्वसन्ध्यमा पशुपति झकिझकाउ पारिएको हो ।

पशुपति क्षेत्रमा चोरी लुटपाटलगायत घटना रोक्नका लागि नेपाल प्रहरी, सशस्त्र प्रहरी तथा पशुपति क्षेत्र विकास कोषका सुरक्षाकर्मी परिचालन गरिएको शिवरात्रिको प्रचारप्रसार व्यवस्था उपसमितिका संयोजक नारायणप्रसाद सुवेदीले जानकारी दिए ।

उनका अनुसार भक्तजनका लागि विशेष सुरक्षा योजनासमेत बनाइएको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आलेले सोमबार पशुपति क्षेत्रको निरीक्षण अवलोकन गरी दर्शनार्थीलाई पानी तथा निःशुल्क खानाको व्यवस्थापन गर्न निर्देशन दिएसँगै अहिले उक्त क्षेत्रमा निःशुल्क खाना तथा पानीको व्यवस्था मिलाइएको पशुपति क्षेत्र विकास कोषका कार्यकारी निर्देशक घनश्याम खतिवडाले बताए ।

मन्दिर दर्शनका लागि तीनवटा दर्शन मार्ग व्यवस्था गरिएको छ । गुह्येश्वरी-गौरीघाट, उमाकुण्ड-दक्षिणामूर्ति हुँदै रुद्र गाडेश्वर छेउको उत्तरतिरको ढोकाबाट एउटा लाइन हुनेछ भने मित्रपार्क जयबागेश्वरी, इँटापाखा भएर भुवनेश्वरमा रहेको फलामको ढोका हुँदै पश्चिम ढोकातर्फ तथा बत्तीसपुलती, गौशाला, एअरपोर्ट, तिलगङ्गा चार शिवालय हुँदै अर्को लाइनको व्यवस्था गरिएको विकास कोषले जनाएको छ ।


यसैगरी गाडीको व्यवस्थापनका लागि पाँच ठाउँ कोषको कार्यालय, महानगरीय प्रहरी वृत्त गौशाला, सिफलको चौर र गुह्येश्वरी क्षेत्रमा पार्किङको व्यवस्था गरिएको छ ।

मन्त्री आलेको निर्देशनपछि अहिले पशुपति क्षेत्र झिलीमिली बनाइएको हो । पशुपति दर्शनमा आउने भक्तजनलाई कुनै पनि कुराको कमी हुन नदिन र लाइन लगाएर छिटो दर्शन गर्न सक्ने गरी व्यवस्थापन गर्नसमेत मन्त्री आलेले कोषका पदाधिकारीलाई निर्देशन दिए ।

पशुपतिनाथ मन्दिरको मुख्य क्षेत्रलाई फूलले सजाउने काम पनि सम्पन्न भएको छ । पशुपति क्षेत्रमा रु ५० लाख बराबरको बिजुली बत्ती र फूलले सजाइएको छ । दाताहरूको सहयोगमा बिजुली तथा फूलले सजावट गरिएको हो ।

यसैगरी मन्त्री आलेको निर्देशनमा पशुपति क्षेत्रका खाली भित्तामा भगवान् शिव र पार्वतीका चित्रलेखन पनि सम्पन्न भएको छ ।

यसैगरी महाशिवरात्रिका लागि आएका साधुसन्तले पशुपति क्षेत्रका कुनाकुनामा भीड बढेको छ । हंस मण्डप, निर्मल अखडा, भष्मेश्वर अखडा, अन्नपूर्ण भण्डारलगायत स्थानमा निःशुल्क भोजनको व्यवस्था गरिएको पशुपति क्षेत्र विकास कोषले जनाएको छ ।



## सेना दिवस मनाइँदै

नेपाली सेनाले आज मुलुकभर विविध कार्यक्रम गरी सेना दिवस मनाउँदैछ ।

राष्ट्रपति विद्यादेवी भण्डारी शिवरात्रि तथा सेना दिवसका अवसरमा सैनिक मञ्च टुँडिखेलमा आयोजना हुने विशेष समारोहमा प्रमुख अतिथिका रूपमा सहभागी हुनेछन् । नागरिकको आस्था र भरोसाको केन्द्रविन्दुका रूपमा रहेको सेनाको उनी परमाधिपति हुन् ।

नेपाली सेनाले दुई दशकअघिदेखि महाशिवरात्रिको दिनलाई सेना दिवसका रूपमा मनाउँदै आएको छ । सो दिवसका अवसरमा सैनिक मञ्चमा परेड (शस्त्राभ्यास) तथा तोप बढाइँ, कवाजलगायतविविध सांस्कृतिक कार्यक्रम सञ्चालन हुनेछन् । यस पटक बेलायती सेनाको गोर्खा बिग्रेडबाटसमेत ब्याण्ड डिस्प्लेसहित गीत संगीतको धुन प्रस्तुत हुनेछ ।

जंगी अड्डा मातहत मुलुकका विभिन्न भागमा तैनाथ कमाण्ड, बाहिनी, गण, गुल्मलगायत निकायमा यो दिवसका अवसरमा विभिन्न कार्यक्रम आयोजना गरिनेछ । नेपाली सेनाको संगठन प्रमुखमा हाल प्रधानसेनापति प्रभुराम शर्मा छन् ।



# 'एमसीसी पारित भएसँगै देश दुर्घटनाबाट बच्यो'



**देवराज सुवेदी/मध्यान्ह**
सिन्धुपाल्चोक, १६ फागुन

बागमती प्रदेशका पूर्व सामाजिक विकास मन्त्री तथा प्रदेशसभा सदस्य युवराज दुलालले माओवादीले जोड नदिएको भए एमसीसी जस्ताको तस्तै पास हुने बताएका छन् ।

उनले एमसीसीमा रहेको केहीबुँदा र विवादास्पद बुदाहरु परिमार्जन गरेर मात्र पास गर्नका लागि माओवादीको नेतृत्वमा व्याख्यात्मक ११ बुँदे टिप्पणी तयार पारिएको बताए । उनले व्याख्यात्मक टिप्पणीसहित एमसीसी पारित भएपछि देश दुर्घटनाबाट बचेको समेत दावी गरे । फटकशिला माध्यामिक विद्यालय मेलम्ची १३ को ६२ औं वार्षिक उत्सव तथा अभिभावक भेलामा बोल्दै प्रमुख अतिथि दुलालले सामुदायिक विद्यालयमा ८० प्रतिशत विद्यार्थी पढ्ने भएकाले गुणस्तरको आवश्यकता रहेको बताए । उनले सामुदायिक विद्यालयमा गुणस्तर भएमात्र विद्यार्थी सक्षम हुने र देश विकास हुने बताए । यसका लागि विद्यालय प्रशासन, व्यवस्थापन समिति, शिक्षक अभिभावक र विद्यार्थी स्वयंले पनि गुणस्तरीय शिक्षामा ध्यान दिनुपर्ने बताए ।

कार्यक्रममा माओवादी केन्द्रका बागमति प्रदेश सचिवालय सदस्य चन्द्र बहादुर थापा र मेलम्ची १३ का वडा अध्यक्ष देवेन्द्र घोरासैनी लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

कार्यक्रममा लोक दोहोरी गायक सरोज लामिछाने, राजेश ढकाल, राजन चौलागाई, सिमा भण्डारी लगायत कलाकारहरुले सांगितिक प्रस्तुति प्रस्तुत गरेका थिए । कार्यक्रम विद्यालय व्यवस्थापन समितिका अध्यक्ष शिवराम दंगालको अध्यक्षतामा सम्पन्न भएको थियो ।

Hilton Academy Pvt.Ltd.
A great place for career
HOSPITALITY TRAINING
गर्नु या गराउनु परेमा होटल सम्बन्धी कुनै पनि Training या
Working Video बनाउनु परेमा Hilton Academy लाई सम्झनु होला ।
कुनै पनि
Cook, Japanese Sushi, Bakery, Pastry, Pizza Burger Sandwich Maker,
Kitchen Helper, Waiter, Bartender, Housekeeping Cleaner, Bell Boy,
Room Attendant, Interview Preparation
विषयहरुलाई छोटो अवधीमा नै तालिम दिएर दक्ष बनाउने छौं ।
नोट:
६ महिने Professional Diploma in Hotel Management (PDHM)
पढ्न चाहने विद्यार्थीहरुका लागि ३० % off मा ADMISSION OPEN
गरिएको जानकारी गराउदछौं
सम्पर्क
Hilton Academy
of Hotel Management & Chulinary Arts
Basundhara Chowk, Near Ishanbal Hospital Kathmandu
01-4951313 H/P 9851195484

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
१७ फागुन २०७८, मंगलबार
1 March 2022, Tuesday

## सम्पादकीय

# निर्विकल्प शान्तिको बाटो

अमेरिकी सहायता परियोजना मिलिनियम च्यालेञ्ज कर्पोरेसन (एमसीसी) प्रतिनिधिसभाबाट व्याख्यात्मक घोषणासहित अनुमोदन भएपछि त्यसविरूद्ध आह्वान भएको बन्दको सोमबार प्रभाव देखिएको छ । एमसीसीविरूद्ध प्रदर्शन गर्दै आएका साना दलहरूले बन्दको आह्वान गरेका थिए । प्रमुख दलका शीर्ष नेताहरूले व्याख्यात्मक घोषणा सहित अनुमोदन गर्ने निर्णयप्रति असन्तुष्ट शक्तिहरूले देशब्यापी बन्दको आह्वान गरेका थिए । तर राजधानी उपत्यकामा भने बन्द आह्वानको ठूलो असर परेन । राजधानी उपत्यका बाहिर समेत केही प्रभाव देखिएको थियो । कर्णाली प्रदेशको राजधानी सुर्खेतमा प्रमुख दलहरूको कार्यालयमाथि नै आगजानी गरेका थिए । नेकपा एमाले, नेपाली काँग्रेस, नेकपा माओवादी केन्द्रको कार्यालयमा आगजानी गरेका थिए । एमसीसी अनुमोदन भएकोमा प्रमुख दलभित्रै असन्तुष्टि देखिएको छ । कतिपय नागरिक अगुवाहरूले पनि एमसीसी अनुमोदनलाई देशप्रतिको धोका भएको टिप्पणी गरेका छन् ।


लामो समय विवाद भएर आइतबार प्रतिनिधिसभाबाट एमसीसी अनुमोदन भएको थियो । अनुमोदनसँगै सरकार र प्रमुख शक्तिहरू हलुका देखिएको अनुमान गर्न सकिन्छ । तर एमसीसी विरोधी जनमतको आपत्तिको सामना भने सरकार र राजनीतिक नेतृत्वले गर्नुपर्ने देखिन्छ । राष्ट्रिय महत्व र आमचासोका विषयमा नागरिकलाई आफ्नो धारणा बनाउने अधिकार छ । संविधानले नै नागरिकलाई अभिव्यक्ति स्वतन्त्रता दिएको छ । त्यसैले मुलुकको संसदबाट अनुमोदन भएको विदेशी सहायताबारे प्रतिक्रिया आउनु स्वभाविक हो । तर त्यो प्रतिक्रिया पनि संविधानको बाटो भएरै प्रकट हुन जरूरी छ ।

तर सोमबार देखिएको संकेत भने राम्रो देखिएको छैन । किनकि बन्द जस्तो कार्यक्रमले सवैभन्दा बढी असर गरिखाने वर्गमा पर्छ । सार्वजनिक क्षेत्र बन्द हुँदा न्यून आय भएका सर्वसाधरण नै बढी प्रभावित हुन्छन् । पहुँज भएका वर्गलाई ठूलो असर पर्दैन । अर्कातर्फ एमसीसी राष्ट्रहित बिपरीत रहेको, तर अहिलेको नेतृत्वले त्यसलाई स्वीकारेको भएपनि त्यसलाई सच्याउने अवसर नेपाली जनतासँग छ । किनकि संविधानले मुलुकको सार्वभौमकता नेपाली जनतामा निहीत गरेको छ । संसद, संविधान र सरकार अभिछिन्न उत्तराधिकारी कुरा हुन् । तर त्यहाँ पुग्ने पात्र भने निरन्तर परिवर्तन भइरहन्छन् । पात्र बदल्ने अधिकार जनतामा निहीत छ । त्यसैले संसदको निर्णय अकाट्य होइन । तर अर्को निर्णय नभएसम्म विद्यमान निर्णय पालना निर्विकल्प हो । त्यसैले अहिले नै आक्रोशमा ध्वंसात्मक बाटो लिनु अनुचित हो ।

# पार्टीहरूबीच एकीकरण, ध्रुवीकरण र गठबन्धन

**जसले जे कुरा जुन उद्देश्य र नियतले भनेको भए पनि अहिलेको वस्तुवादी, वैज्ञानिक र वास्तविक आवश्यकताअनुसार भनिएको कुरा नै सही, सुन्दर र क्रान्तिकारी हुन्छ । यसरी वा यही दृष्टिले नै आज देशमा भैरहेका विभिन्न पार्टी र समूहहरूबीचका एकता, ध्रुवीकरण र गठबन्धनहरू वा नयाँ र वैकल्पिक पार्टी निर्माणका परिघटनाहरूलाई हेर्नुपर्छ र सही ठम्याइमा पुग्न सकिन्छ ।**

अग्रलेख



● नारायण शर्मा



अहिले नेपालमा सच्चा कम्युनिस्ट पार्टीहरूको एकीकरण, क्रान्तिकारी कम्युनिस्टहरूको ध्रुवीकरण र त्यस्ता शक्ति, व्यक्ती, संघसंस्था र समूहहरूको मोर्चाबन्दीकरणको कुरा उठिरहेको छ । एकथरी देश, जनता र क्रान्तिका पक्षपातीहरू तथा मुक्ति, प्रगति र समृद्धिका सच्चा हिमायतीहरूले त देशमा स्वतन्त्रता, समानता र स्वाभिमानको प्राप्ति, संरक्षण र सम्बर्द्धन गर्दै क्रान्तिकारी निकास र विकासको निम्ति यो कुरा गरिरहेका छन् भन्ने स्पष्ट छ । तर, यसरी नै अर्काथरी दलाल-गद्दार, तस्कर-माफिया र भ्रष्ट-दुष्ट तत्वहरूले आसन्न चुनाव र त्यसमार्फत प्राप्त हुने सत्ता र भत्तालाई केन्द्रमा राखेर विगतमा गरेका अपराध कर्महरूबाट बच्न र देश र जनतामा थप ब्रह्मलुट मच्चाउनको लागि कलुषित विचार र कुनियत लिएर यसो भनिरहेका छन् । जसले जे कुरा जुन उद्देश्य र नियतले भनेको भए पनि अहिलेको वस्तुवादी, वैज्ञानिक र वास्तविक आवश्यकताअनुसार भनिएको कुरा नै सही, सुन्दर र क्रान्तिकारी हुन्छ । यसरी वा यही दृष्टिले नै आज देशमा भैरहेका विभिन्न पार्टी र समूहहरूबीचका एकता, ध्रुवीकरण र गठबन्धनहरू वा नयाँ र वैकल्पिक पार्टी निर्माणका परिघटनाहरूलाई हेर्नुपर्छ र सही ठम्याइमा पुग्न सकिन्छ ।

आज एकथरीले 'बृहत माओवादी एकता : आजको अनिवार्य आवश्यकता' को नारा लगाइरहेका छन् भने अर्काथरीले यस्तो आवश्यकता र सम्भाव्यता नदेखेर वा देखेपनि त्यसको औचित्य नदेखेर होला, 'वाम-लोकतान्त्रिक गठबन्धन' को नारामा जोड दिइरहेका छन् । यी दुवै नाराको वैचारिक र राजनीतिक सार, सन्दर्भ र परिणाम एउटै हो । त्यो हो : वर्तमान असफल र अफाप संसदीय दलाल पुँजीवादी व्यवस्थाको रक्षा र सुदृढ गर्दै आसन्न चुनावमा बर्चस्व कायम गर्ने र सत्तामा पुगेर हालीमुहाली र हैकम चलाउने ! माओवादी एकताको नाउँमा पहिलो थरीमा पर्नेहरू शान्ति प्रक्रियामा प्रवेश गरेदेखि निरन्तर सरकार र सदनमा बसेर तर मारिरहेका तरमाराहरू छन् । जो माओवादीमा आएको टुटफुट, विभाजन, विघटन र विसर्जन भएको आजको अवस्थामा आफ्नो लूटको स्वर्ग भत्किने डरले आक्रान्त छन् । यसैगरी दोस्रो थरी त झन् जनयुद्धदेखि शान्तिप्रकृया हुँदै आजसम्म आउँदा आफ्ना इमान्दार क्रान्तिकारी सहयोद्धा र सहयोगीहरूलाई अविश्वास र अपमानित गर्दै, किनारा लगाउँदै, अयोग्य र असक्षम घोषित गर्दै, जेल हिरासतमा कोचाउँदै भयभीत र आतंकित पार्दै साम्राज्यवादी, विस्तारवादी, संसदवादी र तिनका दास र दलालहरूको विश्वास र दलाली गर्दै र उनीहरूलाई रिझाउँदै आएका दलाल र गद्दारहरू छन् । यहाँसम्म कि यो श्रेणीमा पर्नेहरू राज्यसत्तामा बसेर भ्रष्टाचार, दलाली, कमिसनखोरी र अनियमितता गरी वर्तमानका आफ्ना दस पुस्ता परसम्मका सम्बन्धितहरूलाई र भविष्यका दस पुस्तासम्मका आफ्ना सन्ततीहरूलाई कुनै काम नगरेर आरामले भोज खाँदै मोज गरेर बाँच्न पुग्ने सम्पत्ति थुपारेकाहरू पर्दछन् । तर, तेस्रो थरीमा भने नितान्त: भिन्न विचार र आचारका शक्ति र व्यक्तिहरू छन् ।

आज झन् पछि झन् राष्ट्रिय स्वाधीनता, स्वत्व र अस्तित्व संकटमा परेको छ । जनताका जीविकाका सवालहरू पनि निकै जटिल र गम्भीर हुँदै गएको देखिन्छ । नयाँ जनवादी र वैज्ञानिक समाजवादी व्यवस्था, जहाँ राष्ट्रियता र जनजीविकालाई अर्थात् देश र तल्लो वर्गका जनताको संरक्षण र सम्बर्द्धनको प्रश्नलाई बढी जोड दिइएको हुन्छ । जसलाई केन्द्रमा राखेर आन्दोलन अघि बढाउने उद्देश्यले क्रान्तिको लागि आधारभूत रूपमा जीवनव यवहारमा समेत मालेमावाद मानेर लागू गर्ने इमान्दार, स्वच्छ, स्वाभिमानी र आलोचनात्मक चेत भएका क्रान्तिकारी (भन्ने मात्र होइन, क्रान्ती गर्ने) शक्ति, व्यक्ति र समूहहरूसँगको एकीकरण र ध्रुवीकरणसँगै रणनीतिक र कार्यनीतिक क्रान्तिकारी मोर्चा निर्माण गर्ने कुरा गरिरहेछन् । उनीहरूको प्रथम जोड सिद्धान्तनिष्ठ, कम्युनिस्ट र क्रान्तिकारीहरू बिच व्यापक छलफल भई बुझाइमा र व्यवहारमा मूलत:

आज एकथरीले 'बृहत माओवादी एकता : आजको अनिवार्य आवश्यकता' को नारा लगाइरहेका छन् भने अर्काथरीले यस्तो आवश्यकता र सम्भाव्यता नदेखेर वा देखेपनि त्यसको औचित्य नदेखेर होला, 'वाम-लोकतान्त्रिक गठबन्धन' को नारामा जोड दिइरहेका छन् । यी दुवै नाराको वैचारिक र राजनीतिक सार, सन्दर्भ र परिणाम एउटै हो । त्यो हो : वर्तमान असफल र अफाप संसदीय दलाल पुँजीवादी व्यवस्थाको रक्षा र सुदृढ गर्दै आसन्न चुनावमा बर्चस्व कायम गर्ने र सत्तामा पुगेर हालीमुहाली र हैकम चलाउने !

समानता भएमा एकता नै गर्ने र बाँकी भिन्न मत-बुझाइ भएकाहरूसँग पनि छलफल गर्दै, निष्कर्ष निकाल्दै निरन्तर एकीकरण र ध्रुवीकरण गर्दै जानेमा रहेको छ ।

वास्तवमा सच्चा भनिएका कम्युनिस्टहरूको एकीकरण र ध्रुवीकरणसँगै शुद्धीकरण, सर्वहाराकरण र क्रान्तिकारीकरण गर्नु जरूरी छ । क्रान्तिकारीकरण गर्ने भनेको क्रान्तिकारी सिद्धान्तलाई दस्तावेजीकरण र कोरा प्रशिक्षण मात्र होइन । क्रान्तिकारीकरण भनेको त सिद्धान्तको आत्मसातीकरण र त्यसको व्यवहारमा दृढतापूर्वक कार्यान्वयन हो । आज कम्युनिस्ट भनिएका पार्टीहरूमा मात्र होइन, लोकतान्त्रिक भनिने पार्टीहरूमा समेत तानाशाहीकरणको मात्रा र प्रकृया निरन्तर बढिरहेको छ । यो अवस्थामा गैरकम्युनिष्ट पार्टीहरूलाई समेत जनवादीकरण र कम्युनिस्ट पार्टीहरूलाई त झन् सामूहिकीकरण र कम्युनीकरण नै गर्नु अत्यावश्यक छ । अन्यथा, कम्युनिस्ट पार्टीहरूको पनि बुर्जुवाकरण र प्रतिक्रियावादीकरण हुने खतरा छ । तसर्थ, क्रान्तिकारीहरूको एकीकरण र ध्रुवीकरणका सन्दर्भमा यी विविध पक्षमा विशेष ध्यान दिनु जरूरी छ ।

एकीकरण र ध्रुवीकरण तत्काल हुन नसक्ने शक्ति र समूहहरूका बिचमा पनि एकीकरण हुने उद्देश्य राखेर तत्काललाई मुद्दा विशेषमा संयुक्त मोर्चा, कार्यगत एकता वा सहकार्यात्मक गठबन्धन बनाएर जानु आवश्यक छ । यसक्रममा एकले अर्काका विचार र बुझाइका साथै व्यवहारलाई समेत बुझ्ने, भावनात्मक एकता बढ्ने र प्राप्त सफलताबाट एकताको औचित्य पुष्टि भै उत्साह र प्रेरणा मिल्ने हुन्छ । त्यसैले गठबन्धन निर्माण र परिचालनको प्रश्नमा कम्युनिस्ट पार्टी र नेताहरूबाट हाल देखाइएको उदासीनता र संकीर्णतालाई पूरै खारेज गरेमात्र एकीकरणको उद्देश्यले गरिने गठबन्धन सार्थक र सफल हुन्छ भन्ने देखिन्छ ।

